# गौर नगरपालिका

## स्थानीय राजपत्र

<u>गौर नगरपालिका द्वारा प्रकाशित</u>

खण्ड: १० संख्या: २ मिति:२०८३/०४/२०

भाग: २

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गौर नगरपालिकाको नगर कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको कार्यविधि नं. २

**गौर नगरपालिकाको शिक्षण स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०७८**

**(पहिलो संसोधन,२०८३)**

**गौर नगरपालिकाको शिक्षण स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि,२०७८ (पहिलो संसोधन,२०८३)**

१.गौर नगरपालिकाको शिक्षण स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि,२०७८ को नाम देहाय बमोजिम संसोधन गरी कायम गर्ने।

" गौर नगरपालिकाको शिक्षण स्वयंसेवक शिक्षक/कर्मचारी परिचालन सम्बन्धी कार्यविधि,२०७८"

२.प्रस्तावनाको अन्तिम वाक्याशं "शिक्षक परिचालन सम्बन्धी कार्यविधि,२०७८" को सट्टा देहाय बमोजिम संसोधन गरी कायम गर्ने।

"शिक्षक/कर्मचारी परिचालन सम्बन्धी कार्यविधि,२०७८"

३.दफा १ क मा रहेको गौर नगरपालिका स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि,२०७८ को सट्टा देहाय बमोजिम संसोधन गरी कायम गर्ने।

"गौर नगरपालिका स्वयंसेवक शिक्षक/कर्मचारी परिचालन सम्बन्धी कार्यविधि,२०७८"

४.दफा २ को ग मा रहेको स्वयंसेवक शिक्षक शव्द पछाडि /कर्मचारी शव्द थप गर्ने।

५.दफा २ को ङ मा रहेको कार्यविधिको नामको सट्टा निम्न नाम कायम गर्ने।

शिक्षण स्वयंसेवक शिक्षक/कर्मचारी परिचालन सम्बन्धी कार्यविधि,२०७८

६.दफा ३ को १ मा रहेको शिक्षक शव्द पछाडि /कर्मचारी शव्द थप गर्ने।

७.दफा ३ को २ मा रहेको शिक्षक शव्द पछाडि /कर्मचारी शव्द थप गर्ने।

८.दफा ४ को उपदफा ३ को क मा रहेको शिक्षक शव्द पछाडि /कर्मचारी र शिक्षण विषय पछाडि /कार्य बोझ शव्द थप गर्ने।

९.दफा ५,६ र ९ मा रहेको शिक्षक शव्द पछाडि /कर्मचारी शव्द थप गर्ने।

१०.दफा ९ मा रहेको पारिश्रमिक सम्वन्धी दररेट खारेज गरी निम्नानुसारको दररेट कायम गर्ने।

क.नेपाल सरकारबाट स्वीकृत दरबन्दी अन्तर्गतको पदमा स्थायी शिक्षक/कर्मचारी खटिई नआउन्जेल सम्मको अवधिको लागि नियुक्त अस्थायी/करारमा नियुक्त शिक्षक/कर्मचारीलाई नेपाल सरकारले सम्बन्धित पदको लागि तोकेको तलव भता नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान शीर्षकबाट भुक्तानी दिने ।

ख.नगरपालिकाको तर्फबाट नियुक्त नगर शिक्षकहरुलाई नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त रकमले खामे जति भुक्तानी दिई अपुग रकम नगरपालिकाको आफनो स्रोतबाट भुक्तानी दिने।

ग.नेपाल सरकारबाट स्वीकृत दरबन्दी बाहेक नगरपालिकाबाट नियुक्त कर्मचारीहरुको सेवा सुविधा नगरपालिकाको आफ्नो स्रोतबाट भुकेतानी दिने।

११.दफा १७ मा रहेको स्वयंसेवकको बिदा सम्बन्धी व्यवस्थाको सट्टा देहाय अनुसारको विदा कायम गर्ने।

क.काम गरेको प्रत्येक महिनाको लागि १ एक दिन करार विदा पाईनेछ।

ख.किरिया विदा ( आफु किरिया बस्नु परेमा वा शोक बरण गर्नु परेमा) बढीमा १५ दिन विदा पाईनेछ।

ग.सुत्केरी विदा बढीमा ६० साठी दिन पाईनेछ।

घ.करार विदा प्रत्येक वर्षको चैत्र मसान्त भित्र उपभोग गरी सक्नु पर्नेछ,अन्यथा सो विदा संचित नभई स्वतःसमाप्त हुनेछ।

ङ.उल्लेखित विदाहरु स्वीकृत गर्ने अधिकार प्रधानाध्यापकमा निहित रहनेछ।